छलफलका विषय तथा निर्णयहरु :

१. डिस्इन्फेक्टेन्ट स्प्रे गर्ने श्रमिक (स्प्रेम्यान) भर्ना गर्ने सम्बन्धमा ।

मेलम्ची नगरपालिकाका निम्नानुसारका नाकाहरुमा निम्न संख्यामा स्प्रेम्यानको व्यवस्थापन गरी सीमा बाहिरबाट आएका सवारी साधनहरुलाई डिस्इन्फेक्टेन्ट स्प्रे गरी मात्र नाकाबाट भित्र पसाउने निर्णय गरियो ।

१. भोटेचौर नाकामा – १ जना (6Am to 6Pm)
२. छापभन्ज्याङ नाकामा – १ जना ''
३. सि.पा. घाट नाकामा – २ जना (२४ घण्टाको लागि)

स्प्रेम्यानहरुलाई आवश्यक सामग्री एवं व्यक्तिगत सुरक्षाका सामग्रीहरु आवश्यक मात्रामा दिने तथा ~~निजहरु~~ निजहरुलाई पारिश्रमिकको रुपमा जिल्ला दररेट अनुसार अदक्ष श्रमिकको दैनिक ज्याला (रु ७२० प्रतिदिन) दिने र हेजार्ड भत्ताको रुपमा दैनिक रु ३००।- थपिदिने निर्णय सर्वसम्मत पारित गरियो ।

२. नाकामा खटिने सुरक्षाकर्मीको जोखिम भत्ता सम्बन्धमा ।

मेलम्ची न.पा. प्रवेश गर्ने नाकामा खटिने सुरक्षाकर्मीलाई जोखिम भत्ताको रुपमा दैनिक रु २००।- (रुपैयाँ पाँच सय मात्र) दिने निर्णय गरियो ।

३. आइसोलेसन वार्ड व्यवस्थित गर्ने सम्बन्धमा ।

मेलम्ची न.पा.को नवनिर्मित भवनलाई आइसोलेसन वार्ड (१४ जना बस्न मिल्ने गरी) व्यवस्थित गर्ने तथा स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मीको लागि आवश्यक पर्ने सुत्ने बस्ने, खाने तथा खाना बनाउने व्यवस्थापन गरी तयारी गर्ने निर्णय पारित गरियो ।

४. बजार खुल्ने समय हेर फेर सम्बन्धमा ।

कोरोना भाइरसको सम्भावित संक्रमण रोकथामको लागि घोषणा गरिएको लकडाउनको कारण मेलम्ची न पा भित्र संचालन भएका अत्यावश्यकीय खाद्य पसल, तरकारी तथा फलफूल पसल मापुपसलहरु बिहान ८:००-१०:०० को समयमा खुल्दै आएकोमा भोलि मिति २०७७।०१।२२ गतेदेखि उल्लेखित खाद्य पसल र निर्माण सामाग्री बेचबिखन गर्ने हार्डवेयर पसल बिहान ७:०० बजेदेखि १०:०० बजेसम्म मात्र खोल्न दिने निर्णय पारित गरियो ।

५. स्वास्थ्य संस्थाहरुलाई इन्फ्रारेड थर्मोमिटर उपलब्ध गराउने सम्बन्धमा ।

मेलम्ची न.पा. भित्रका प्रत्येक स्वास्थ्य संस्थाहरुलाई १/१ थान इन्फ्रारेड थर्मोमिटर उपलब्ध गराउने निर्णय पारित गरियो ।